दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २३ | बुटवल | २०८२ माघ ०३ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday January17, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# गगन–विश्व पक्षले पायो कांग्रेसको आधिकारिकता

**लुम्बिनी संवाददाता**
*बुटवल*

निर्वाचन आयोगले गगनकुमार थापालाई नेपाली कांग्रेसको आधिकारिक सभापतिको मान्यता दिएको छ । राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार विवरण अद्यावधिक गर्दै आयोगले थापा पक्षलाई मान्यता दिने निर्णय गरेको हो ।

पुस २७ देखि ३० सम्म काठमाडौंमा सम्पन्न विशेष महाधिवेशनले थापालाई सभापति निर्वाचित गरेको थियो । विशेष महाधिवेशनबाट भएको निर्णयअनुसार विवरण अद्यावधिक गर्न सभापति थापासहितका पदाधिकारीले बिहीबार आयोगमा निवेदन दिएका थिए ।

पूर्णबहादुर खड्का पक्षका नेताहरूले शुक्रबार बिहान आयोगमा निवेदन दिँदै आफूहरू आधिकारिक भएको दाबी गरेका थिए ।

त्यसपछि आयोगले नवनिर्वाचित पदाधिकारीहरूलाई आयोगमा बोलाएको थियो । कांग्रेसका दुवै पक्षको दाबीपछि आयोगले गगन पक्षलाई आधिकारिक कांग्रेसको मान्यता दिएको हो । गगन पक्षले मान्यता पाएपछि अब चुनाव चिह्न रुख र चारतारे झण्डा पनि उनीहरूकै हुने भएको छ ।

पार्टीको आधिकारिकतालाई लिएर दुई पक्ष शुक्रबार निर्वाचन आयोगमा आमने सामने भएका थिए । गगन थापा नेतृत्वको कांग्रेसका कार्यकर्ताहरू दिउँसोदेखि नै आयोग परिसरमा धर्नामा बसिरहेका थिए भने शेरबहादुर देउवा नेतृत्वको कांग्रेसका कार्यकर्ताहरू पनि मात्रै निर्वाचन आयोग परिसर पुगेर धर्ना दिएका हुन् । देउवा नेतृत्वको कांग्रेसको तर्फबाट तरुण दल अध्यक्ष विद्वान गुरुङसहित युवाहरू निर्वाचन कार्यालयअगाडि धर्ना दिँदै नाराबाजीमा उत्रिएका थिए ।

थापा नेतृत्वको कांग्रेस हालै सम्पन्न विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई आधिकारिता दिन माग गर्दै आयोग पुगेको थियो भने देउवा नेतृत्वको कांग्रेस पार्टीको कुनै विशेष महाधिवेशन नभएको भन्दै आफूहरू नै आधिकारिक कांग्रेस भएको बताउँदै पुगेको हो ।

दुवैले विवरण अध्यावधिक गर्न आयोगसमक्ष निवेदन पनि दिएका थिए । दुवै समूहले आयोगका पदाधिकारीसँग छलफल पनि गरेका थिए । दुवै पक्षका कांग्रेसी कार्यकर्ताको भीड बढेपछि आयोग परिसरको सुरक्षा व्यवस्था पनि कडा पारिएको थियो । अप्रिय स्थिति उत्पन्न हुन नदिन बाक्लो संख्यामा प्रहरी परिचालन गरिएको थियो । शेरबहादुर देउवा नेतृत्वको कांग्रेसका कार्यबाहक सभापति पूर्णबहादुर खड्काले पत्रकार सम्मेलनमा आफूहरूले नेतृत्व गरिरहेको कांग्रेसलाई निर्वाचन आयोगले मान्यता नदिए देशभर आन्दोलन गर्ने चेतावनी दिएका थिए ।

**अब के गर्दैछ गगन नेतृत्वको कांग्रेस ?**

गगन थापाले नेतृत्व गरेको नेपाली कांग्रेसले आधिकारिकता पाएसँगै विद्यमान विधानमा संरचनागत सुधारका लागि संशोधन गर्ने भएको छ । पार्टी सदस्यता, नेतृत्व चयन प्रक्रिया, पार्टीको सांगठनिक गतिविधिलाई व्यवस्थित गर्न विधान परिमार्जन गर्न आवश्यक भएको विशेष महाधिवेशन पक्षले जानकारी गराएको छ ।



कांग्रेसमा विद्यमान विधानअनुसार दुई प्रकृतिमा रहेको सदस्यलाई एकै प्रकारको बनाउने गरी संशोधन गरिएको छ । साधारण र क्रियाशील सदस्यको प्रावधानलाई हटाएर खुला सदस्यतामा आधारित एकै प्रकारको क्रियाशील सदस्यता प्रणाली हुने गरी संशोधन गरिएको छ । सदस्यता लिन इच्छुकले वडा समितिमा वा अनलाइनमार्फत् आवेदन दिने व्यवस्था गरिने भएको छ ।

पार्टीभित्र बौद्धिक र व्यवसायिक व्यक्तिहरु भित्र्याउन विशेष प्रवेश (ल्याट्रल इन्ट्री ) को व्यवस्था विधानमा राखिएको छ । त्यस्ता व्यक्तिहरुबाट पार्टीका तहगत निर्वाचनमा उम्मेदवार १० प्रतिशत हुने गरी किटान गरिएको छ ।

ल्याट्रल इन्ट्रीको व्यवस्था विद्यमान विधानमा राखिएको छैन ।

क्रियाशील सदस्यबाट नै नेतृत्व चयन गर्ने गरी विधान संशोधन गरिएको छ । वडादेखि जिल्ला तहसम्म पार्टी नेतृत्व चयन गर्दा सम्बन्धित तहका क्रियाशील सदस्यहरूको प्रत्यक्ष निर्वाचनबाट नेतृत्व र अधिवेशन प्रतिनिधि चयन गर्ने गरी विधान संशोधन गरिएको छ ।

प्रदेश र केन्द्रीय नेतृत्वको हकमा भने क्रियाशील सदस्यबाट निर्वाचित भएका अधिवेशन प्रतिनिधिबाट हुने व्यवस्था कायम राखिएको छ । हालको व्यवस्थाअनुसार क्षेत्रीय प्रतिनिधिमार्फत् प्रदेश र केन्द्रको महाधिवेशनका लागि प्रतिनिधि छनोट गरिने व्यवस्था छ । संशोधित विधानमा हरेक तहमा हुने समितिका सदस्य तल्लो तहबाट निर्वाचित हुनुपर्ने व्यवस्था राखिएको छ । हालको प्रावधान अनुसार तल्लो तहबाट निर्वाचित नभए पनि केन्द्रीय सदस्यहरु स्वतः महाधिवेशन प्रतिनिधि बन्न सक्ने व्यवस्था छ । समावेशी प्रतिनिधित्वलाई आत्मसाथ गर्नका लागि प्रत्येक तहको कार्यसमितिमा एक तिहाइ महिला पदाधिकारी अनिवार्य गरिएको छ ।

तहगत संरचनाको पदाधिकारीमा युवासहित समुदायको क्लस्टर अनुसार मधेसी, दलित, मुस्लिम, आदिवासी, जनजाति, थारू श्रमिक, पेशागत क्षेत्र र अपाङ्गता भएका व्यक्तिलगायतलाई स्थान दिने व्यवस्था गरिएको छ । विधानमा गरिएको नयाँ व्यवस्था उम्मेदवार छनोट विधि हो । क्रियाशील सदस्यबाट उम्मेदवार छनोट गर्ने विधि तय गरिने भएको छ ।

सम्बन्धित तह र क्षेत्रका क्रियाशील सदस्यको प्रत्यक्ष मतदानबाट बढी मत प्राप्त एक महिलासहित तीन जना छनोट गर्ने र उनीहरु मध्येबाट एक जना उम्मेदवार हुने व्यवस्था गरिएको छ ।

राज्यको कुनै जिम्मेवारी वा शासकीय पदमा रहेको व्यक्तिका लागि कार्यकाल समेत विधानमै स्पष्ट गर्न लागिएको छ । एउटै व्यक्ति पटक पटक एउटै शासकीय जिम्मेवारीमा रहने परम्पराको अन्त्य गर्न उक्त व्यवस्था गर्न लागिएको विशेष महाधिवेशन पक्षधरले उल्लेख गरेका छन् ।

समानुपातिक निर्वाचन प्रणालीबाट सांसद हुने अवसर एक व्यक्तिका लागि एक पटक मात्रै हुने व्यवस्था विधानमा समावेश गरिने भएको थियो । हाल कायम विधानमा समानुपातिक उम्मेदवार कतिपटक हुनसक्ने बारेमा केही उल्लेख गरिएको छैन । पार्टीबाट राज्यका निकायमा जिम्मेवारी लिँदा एक व्यक्तिका लागि सीमा समेत तोकिने भएको छ ।

एउटै व्यक्ति राष्ट्रपति एकपटक, प्रधानमन्त्री दुईपटक, मन्त्री तीनपटक र प्रत्यक्ष निर्वाचनबाट चुनिने सांसदका लागि चार पटकको सिमा तोकिएको छ ।

विशेष महाधिवेशनबाट उपसभापतिमा निर्वाचित विश्वप्रकाश शर्माले यो विषयलाई औपचारिक रुपमा पहिलोपटक कांग्रेस बैठकमा प्रवेश गराएका थिए । शर्माको अवधारणाअनुसार नै विधानमा उक्त प्रवन्ध गर्न लागिएको हो ।

विशेष महाधिवेशन पक्षधरले भ्रातृ, शुभेच्छुक र जनसम्पर्क समितिका लागि विधानले व्यवस्था गरेको हालको प्रावधानलाई संशोधन गर्ने भएको छ । भ्रातृ संस्थालाई पूर्ण स्वायत्त हुने गरी गठन गरिने भएको छ । साथै, भ्रातृ संस्थालाई वर्गीय मुद्दामा केन्द्रित गर्ने गरी विधान संशोधन गरिने भएको छ ।

कांग्रेसका १३ भ्रातृ संस्थाको आ-आफ्नै विधान भए पनि नियमित महाधिवेशन गर्न नसक्ने अवस्थामा छन् । भ्रातृ संस्थामा पार्टीको हस्तक्षेप बढ्दै जाँदा नियमित अधिवेशन गर्न नसक्ने अवस्था बनेको छ ।

नियमित महाधिवेशनबाट नयाँ नेतृत्व चयन हुन नसक्दा भ्रातृ संस्था तदर्थ समितिमा सिमिति हुन पुगेको छ । संशोधित विधानमा भ्रातृ संस्थाको अधिवेशन गराउन पार्टीको केन्द्रीय निर्वाचन समितिलाई अधिकार दिने व्यवस्था गरिने भएको छ । शुभेच्छुक संस्थामा आबद्ध, तर सदस्यता प्रदान गर्न कानुनले रोकेको व्यक्तिको हकमा सदस्यता प्रदान नगरिने भएको छ ।

'विधागत, पेसागत, विशेषज्ञ सम्बन्धमा राख्ने तर सम्बन्धित पेसामा संलग्न व्यक्तिहरूलाई पार्टीको सदस्यता प्रदान नगर्ने । निजले संस्थामा गरेको कार्य अवधिलाई क्रियाशीलता मापनको आधार बनाउने व्यवस्था गरिनेछ,' संशोधित विधानको मस्यौदामा भनिएको छ । विदेशमा रहेका नेपालीहरूबिचको समन्वय र प्रभावकारिता बढाउनका लागि विदेशस्थित संगठन 'नेपाली जनसम्पर्क समिति' को एक अन्तर्राष्ट्रिय परिषद बनाउने गरी विधान संशोधन गरिने भएको छ ।

उक्त परिषद्मा जनसम्पर्क समितिका वर्तमान र पूर्व अध्यक्षहरू सदस्य रहने व्यवस्था गरिएको छ । संशोधित विधानमा पार्टीका संरचनामा युवाहरुको प्रतिनिधित्व बढाउने गरी व्यवस्था गरिएको छ । पार्टीमा युवाको समावेशी र समन्यायिक प्रतिनिधित्वको सुनिश्चितता गर्न उक्त व्यवस्था राखिएको उल्लेख गरिएको छ ।

पार्टीका तहगत प्रत्येक समितिमा ४० वर्ष मुनिको प्रतिनिधित्वको प्रतिशतको आधारमा ३० वर्ष मुनिका १० र ३० वर्ष पूरा भई ४० वर्ष ननाघेका १० गरी कूल २० प्रतिशत प्रतिनिधित्व रहनेगरी व्यवस्था गर्ने गरी विधानमा संशोधन गरिने भएको छ ।

उमेर र कलष्टर समूहका आधारमा हुने प्रतिनिधित्वलाई एक व्यक्तिको लागि एक पटक मात्र हुने गरी व्यवस्था गरिने भएको छ । विदेशबाट फर्केकाहरुका लागि पार्टी संरचनामा समावेश गर्नका लागि विधानमा व्यवस्था थप गरिएको छ ।

पूर्व आप्रवासी नेपालीको प्रतिनिधित्व सुनिश्चित गर्नको लागि विदेशमा १० वर्षभन्दा बढी बसोबास गरी महाधिवेशनभन्दा २ वर्षअघि देश फर्किएकाहरूको हकमा वडादेखि केन्द्रसम्म प्रत्येक तहमा न्यूनतम १ महिलासहित २ जना सहभागी हुने व्यवस्था गरिएको छ ।

पार्टीको तर्फबाट कुनै पनि तहको सार्वजनिक पद धारण गर्ने व्यक्ति उम्मेदवार बन्नुपूर्व सम्पत्ति विवरण बुझाउनुपर्ने र स्वघोषणा गर्ने बाध्यकारी व्यवस्था विधानमा राखिएको छ । विधानको विद्यमान व्यवस्थामा सार्वजनिक पद धारणा गरेका व्यक्तिले सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान राखिएको छैन ।

# देशभर निर्वाचन कार्यालय स्थापना



**मोहम्मद हबिब**
*भैरहवा*

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी देशभरका निर्वाचन क्षेत्रहरुमा निर्वाचन कार्यालय स्थापना गरिएको छ ।

यसैक्रममा रुपन्देहीका पाँच वटै क्षेत्रमा निर्वाचन कार्यालय स्थापना गरिएको छ । भैरहवामा रहेको नेपाल बाल संगठनको भैरहवा बाल मन्दिरमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन क्षेत्र नम्बर ३ को कार्यालय स्थापना गरिएको हो । सो अवसरमा बोल्दै मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले देशको विषम परिस्थतीले निर्वाचन गर्नुपर्ने अवस्था आएकोले यो निर्वाचन तुरुन्तै सम्पन्न गर्नुपर्ने अवस्था आएको बताए । उनले राजनैतिक दलहरुको उत्सवको रुपमा रहेको बताउँदै यसलाई उत्सवकै रुपमा लिनु पर्ने बताए । हामी व्यवस्थापकीय रुपमा खटिएर निर्वाचनलाई स्वच्छ बनाउनका लागि आयोगले न्याय सेवाका अधिकृतहरुलाई निर्वाचनमा खटाउने व्यवस्था बमोजिम शुक्रबार रुपन्देहीको ५ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतसहितको कार्यालयको स्थापना गरिएको बताए ।

उनले स्वच्छ, स्वतन्त्र र शान्तिपूर्ण निर्वाचनका लागि आयोग र राज्यका सबै संयन्त्रहरू लागिपरेको जानकारी दिए ।

जिल्लामा २०९ वटा मतदान स्थल, ७३२ वटा मतदान केन्द्र रहेको छ । कुल मतदाता ६ लाख ७२ हजार ५२३ जना (फागुन २० सम्म १८ वर्ष पुग्ने) मध्ये ३ लाख २६ हजार ३११ जना महिला र ३ लाख ४६ हजार २०३ जना पुरुष र ९ जना अन्य मतदाता रहेको मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले बताए । बस्नेतले फागुन महिनाका लागि तय गरिएको मुख्य कार्यतालिका समेत सार्वजनिक गरेका छन् । जसअनुसार फागुन ६ गते बिहान १० देखि ५ बजेसम्म उम्मेदवारको मनोनयन दर्ता हुनेछ, फागुन ७ गते उम्मेदवारविरुद्ध उजुरी दिने समय, फागुन ८ गते उजुरी उपर जाँचबुझ र बेलुका ७ बजे अन्तिम नामावली प्रकाशन हुनेछ ।

फागुन ९ गते उम्मेदवारी फिर्ता लिने र उम्मेदवारहरूलाई चुनाव चिह्न वितरण गरिने कार्यक्रम रहेको बस्नेतले जनाए । फागुन २१ गते मतदान कार्य सम्पन्न हुनेछ ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेलले निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षाको सम्पूर्ण प्रबन्ध मिलाइएको बताए । उम्मेदवार, कर्मचारी र मतदाताको सुरक्षाका लागि जिल्लाका सबै सुरक्षा अङ्गहरु सूक्ष्म रूपमा खटिएको उनले जानकारी दिए । साथै, निर्वाचनलाई भड्किलो र खर्चिलो नबनाउन र आचारसंहिताको पूर्ण पालना गर्न उनले राजनीतिक दलहरूलाई अपिल गरेका छन् ।

रुपन्देहीको क्षेत्र नम्बर १ देवदह नगरपालिकाको बहुउद्देश्यीय भवन, शीतलनगरमा निर्वाचन अधिकृतको कार्यालयको स्थापना भएको छ । यहाँ निर्वाचन अधिकृतको रूपमा कपिल पौड्याल खटिएका छन् । क्षेत्र नम्बर २ मा बुटवल उप-महानगरपालिका, देवीनगर, ११ नम्बर वडा कार्यालयको नयाँ भवनमा निर्वाचन अधिकृतको कार्यालय खडा गरिएको छ भने यहाँ निर्वाचन अधिकृतको रूपमा राजेन्द्र न्यौपाने खटिएका छन् । क्षेत्र नम्बर ४ मा कोटहीमाई गाउँपालिका मझगाँवामा राखिएको छ ।

यहाँ निर्वाचन अधिकृतको रूपमा टोपबहादुर विष्ट खटिएका छन् । क्षेत्र नं. ५ मा गैंडहवा गाउँपालिका वडा नम्बर ३ को कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरि निर्वाचन अधिकृतको रूपमा गोपीकृष्ण रेग्मीलाई जिम्मेवारी दिइएको छ ।

जिल्ला निर्वाचन कार्यालयकाअनुसार रुपन्देहीमा निर्वाचनको तयारीलाई तीव्रता दिइएको छ । निर्वाचनमा राजनितिक दलहरुको सहभागिता र क्रियाकलाप अनुशासित, आचारसंहितको पालना गर्दै मनाउनु पर्छ । आगामी ५ वर्षका लागि भाग्य निर्धारण गरी नेतृत्व गर्नका लागि पठाउने अवसर भएकोले कस्तो खालको चुनाव गराउने भूमिका र जिम्मेवारी राजनीतिक दलहरुको रहनेछ ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८२ माघ ०३ गते, शनिबार
तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

'जबजब पार गर्दै जान्छु जिन्दगीका बाटोहरू
जान्न थाल्छु यी वर्षहरू के-के बन्न सक्छन्।
जब म सोंच्छु, आशाहरू बढ्न थाल्छन्
अनमोल सम्झनाहरू मेरो छातीभरि भरिन्छन्।'

– बब डिलन,
प्रिसियस मेमोरिज्

यात्रामा विज्ञान

# काठमाडौंदेखि चितवनसम्म

डा. दिनेशराज भुजु

प्रिय पाठक, यहाँले जिन्दगीमा धेरै यात्रा गरिसक्नु भएको होला। यात्राको सिलसिलामा थुप्रै पहाडका उकाली-ओराली, भञ्ज्याङ्ग-चौतारी आदि काटी सक्नु भएको होला। नदीनाला र तिनका दोभानहरु पनि अनेकौं तरिसक्नु भएको होला। नेपालीका लागि पहाड-पर्वत र खोलानाला यसो हेर्दा सामान्य लाग्न सक्दछ तर जीवनकै अभिन्न अङ्ग बनिसकेका छन्। पहाडहरु बोली बोल्दैनन् तर तिनको आफ्नै जीवन र रीति हुन्छ। ठाउँ-ठाउँमा भासिएका पहिरो त्यहि जीवनकै गतिशीलताको परिचय हो। नदीहरु बग्दा आवाज दिन्छ, तर त्यो भन्दा पनि तिनले बगाएर ल्याएका र बगरमा थुप्रिएका बालुवा र ढुङ्गाहरुले तिनको उद्गम र गतिलाई पहिचान गर्न मद्दत पुर्‍याउँदछ।

यात्राका बेला के तपाईंका मनमा प्रकृतिमा ती थरिथरि प्रदर्शनबारे कौतुहलता जागेको थियो ? अथवा प्रकृतिका रहस्यबारेमा घोत्लिन भएको थियो ? कि तिनको सुन्दरतासित रमाएर मात्र गुनगुनाउनु भयो ? जेहोस् प्रकृतिको छटाले कसलाई पो रोमाञ्चित तुल्याउँदैन ? कवि, वैज्ञानिक, कलाकार, प्राविधिक वा साधारण नागरिक। यो संवाद यस्तै यात्राका बारेमा हो जसलाई म विज्ञानसित गाँस्दैछु। यात्रा काठमाडौंदेखि चितवनसम्मको हो। दूरीको हिसाबले यो करिब १४० कि.मि. छ र समयका हिसाबले बसबाट जाने हो भने ४ देखि ५ घण्टा। तथापि यसले हिमाल उत्पत्तिदेखिको अर्थात् झण्डै २ करोड वर्षको प्राकृतिक इतिहास बुझ्न हामीलाई सघाउँदछ।





**प्रसङ्ग १: रुख बिरुवा**

काठमाडौं उपत्यकाको पश्चिमी नाका नागढुङ्गा काठमाडौं- चितवन यात्राको प्रारम्भ बिन्दू हो। दिनमा करिब ५ हजार सवारी साधनहरु यस नाकाबाट आवत-जावत गर्दछन्। नागढुङ्गाको दक्षिणमा चन्द्रागिरी र उत्तरमा नागार्जुन पर्वत शृंखला पसारिएको छ। चन्द्रागिरी पहाड थानकोट, कीर्तिपुर हुँदै गोदावरीको फुल्चोकीसित जोडिन जान्छ। नागार्जुन बालाजू, टोखा हुँदै शिवपुरीसित मिसिन जान्छ। शिवपुरीको तरेली सुन्दरीजल हुँदै नगरकोट र नगरकोट सांगा भञ्ज्याङ्ग हुँदै फूल्चोकी छुन पुग्दछ। यसरी काठमाडौं उपत्यकाका पहाडहरु एक आपसमा जोडिएका छन् र ती नाकाहरु हुँदै त्यहाँ बसोबास गर्ने पशुपन्छीहरु आफ्नो आवश्यकतानुसार ओहर दोहर गर्छन्। मानिसहरुले पनि पहाडहरु नाँघ्न सदियौदेखि यस्तै नाकाहरुलाई प्रयोग गर्दै आएका छन्। नागढुङ्गाको अत्यधिक प्रयोगले भने वन्यजन्तुको प्राकृतिक मार्गलाई दूरगामी असर पुर्‍याएको छ।

सन् १९५६ मा त्रिभुवन राजपथ खुलेपछि नागढुङ्गाको कालोपत्रे सडकले चन्द्रागिरी र नागर्जुन बीचको प्राकृतिक सम्बन्धलाई विच्छेद गरेको छ। चौडा ६ लेनको त्यो सडक देख्दा यहाँलाई लागेको हुनसक्छ नागढुङ्गाको विकास निकै फराकिलोसित विस्तार भएछ। तर माफ गर्नोस् त्यो फराकिलो बाटो अनि त्यसमाथि दिनरात अटूट आवत जावत गर्ने सवारी साधनका कारण चन्द्रागिरी र नागार्जुनबीच आवत जावत गर्ने वन्यजन्तुका लागि ठूलो असुविधा पुगेको छ। यस कारणले तिनको असुरक्षा बढेको छ। साथै तिनको जातीय विस्तारको बाटो बन्द भैदिनाले कालान्तरमा त्यसबाट जैविक विविधतामा ह्रास आउने पक्का छ।

नागढुङ्गा करिब १,५०० मिटरको उचाईमा छ। त्यसकारण पूर्वीतिर हेर्दा काठमाडौं शहर झ्यालबाट हेरेजत्तिकै राम्रो देखिन्छ। तर आँखै सामु देखिने इट्टाभट्टाका चिम्नीहरुले भने यहाँलाई खिस्रिक्क पार्नेछ। मात्र २ कि.मी. को व्यासभित्र कालो मुस्लो धुँवा छादिरहेका एक दर्जनभन्दा बढी चिम्नीहरु त्यहाँ देखिने छन्। उपत्यकाभित्र त्यस्ता चिम्नीहरु २५० को हाराहारीमा रहेको अनुमान गरिन्छ। अब अन्दाज लगाउनुस् काठमाडौमा तपाईंले लिने सास कत्तिको सफा छ ?

नागढुङ्गा तपाईं बिहानीपख पुग्नु भएको छ भने धुँवाको मुस्लो पश्चिमतिर फर्केको देख्नु हुनेछ। तर हाम्रा वैज्ञानिकहरुले के कुरा पत्ता लगाएका छन् भने उपत्यकाको तापक्रम अनुसार त्यहाँ बग्ने हावाको दिशामा परिवर्तन आउँछ। घाम चर्किंदै गएपछि धुँवा धुलो मिसिएको हावा माथि उठ्दैजान्छ। तर त्यो धेरै माथि पुग्न सक्दैन, माथिको हावाको तापक्रम कम्ति नै हुने हुँदा त्यो त्यहिं थिचिएर बस्छ। तर रातीपख भने पश्चिम यानेकी नागढुङ्गा हुँदै त्रिशुली उपत्यकाबाट बगेर आएको हावाले त्यो फोहरी वायुलाई हुत्याउँदै पूर्वीतिर धकेल्छ र साङ्गा भञ्ज्याङ्गदेखि बाहिरिएर बनेपा तिर पुग्छ। यसरी उपत्यकाको फोहर हावाले रातीपख बनेपावासीलाई सताउन पुग्छ केही हद।

नागढुङ्गापछि अब तपाईं क्रमशः ओरालो लाग्नु हुनेछ खानीखोला र त्यसपछि नौबिसे। यसबीचमा तपाईले पहाड वरिपरिका वन र रुखहरु याद गर्नुहोला। नागढुङ्गा नजिक त रुख चिन्न पनि गारो पर्ला। गाडीको बाक्लो धुँवाले तिनका पातहरु नचिनिने गरी ढाकेका छन्। तर खोल्सा खाल्सीतिरको उत्तीस भने सजिलै ठम्याउन सकिनेछ। उत्तीसएक प्रकारको अग्रगामी रुख प्रजाति हो, अर्थात् कुनै कारणबस खुल्ला हुन गएको ठाउँमा सुरुमा देखा पर्ने वनस्पति हो। त्यसकारण कतै उत्तीस देख्नु भयो भने तपाई अनुमान लाउन सक्नु हुन्छ कि केही १०/२० वर्ष पहिले त्यहाँ पहिरो गएको हुनु पर्दछ भनेर।

उत्तीस बाहेक त्यहाँ देखिने रुख प्रजातिमा कटुस, मौवा र काफल हुन्। नौविसे पुग्दा नपुग्दै ती पातलिंदै जानेछन्। तर बाटोमा झ्याप्ले खोलाको घुम्टीनेर देखिएको सिमल भने पछि चितवनतिर राप्तीनदी र नारायणीको तीरसम्मै देख्नु हुनेछ। सिमलको भुँवाबाट बनेको सिरानी सारै कोमल हुन्छ। तपाईंको यात्रा फागुन महिनातिर परेको छ भने सिमलको हाँगाभरी रातै फूल फूलेको हुन्छ र तिनलाई सजिलै चिन्न सक्नुहुनेछ। त्यसोत अग्ला सुरिला एकोहोरो सिमलको रुखलाई अरु बेला पनि चिन्न गारो हुँदैन। यसका हाँगाबिंगाहरु काण्डको कुनै निश्चित भागबाट निस्किरहेका हुन्छन्। पातहरु संयुक्त प्रकारका र एउटा डाँठबाट ३ देखि ७ वटासम्म पातहरु निस्किएका हुन्छन्।

नौबिसेदेखि यहाँको यात्रा खानीखोलाको तिरैतिर भएर लाग्नेछ। महादेवबेसी पुग्दा तपाई काठमाडौभन्दा ८०० मिटर तल अर्थात् ५०० मिटरको उचाईमा पुगिसक्नुहुनेछ। त्यतिन्जेल खोलाको पारीपट्टी पहाडी पाखोमा सालको जङ्गल देख्नु हुनेछ जुन कुरीनघाटसम्मै पाउनु हुनेछ। काठमाडौंका नेवार समुदायले भोजमा प्रयोग गर्ने लप्ते यहि सालको पात हो। यसको वैज्ञानिक नाम सोह्रिया रोबोस्टा हो। साल चितवनको जङ्गलमा पनि बाक्लै भेटिन्छ। पहाडमा पाइने साल र तराईमा पाइने साल एकै प्रजातिका हुन् तर तिनको बाह्य स्वरुप भने फरक छ। पहाडी साल होचा, मसिना र बाङ्गा हुन्छन्, तराईका अग्ला, मोटा र सुरिला। त्यसैले तराईको साल टिम्बरका रुपमा प्रयोग हुन्छ तर पहाडी साल हुँदैन।

महादेवबेसीदेखि गजुरी, मलेखु हुँदै जाउन्जेल यहाँले देख्नु भएको अर्को वस्तु हो– उखु। हेर्दा रसिला र गुलिया देखिने उखु धादिङ जिल्लाभर विशेषगरि महेशखोलाको किनारैकिनार र त्रिशुली नदीको किनारको भूभागमा खुबै पाइन्छ। उखुलाई न्यानो हावापानी चाहिन्छ। अचम्म नमान्नोस् गजुरीतिर पुग्दा हामी झण्डै ४०० मिटरको उचाइमा झरिसकेका हुन्छौ र स्वभावतः त्यो ठाउँ न्यानो हुन्छ। उखु बाहेक त्यहाँ केरा पनि प्रशस्त पाइन्छ। राजमार्गको ठाउँठाउँमा यहाँले समी र वरपीपलका चौताराहरु पनि देख्नु हुनेछ। ती पनि मानिसले नै हुर्काएका हुन् तिनको धार्मिक महत्व छ। साथै ठाउँ ठाउँमा खनियाँ पनि देख्नु हुनेछ। डालेघाँसका रुपमा प्रयोग हुने खनियाँ र ती बरपिपल एउटै वनस्पती जाती फिकसमा पर्दछ।

यदि तपाईका आँखाहरु चनाखा छन् भने गल्छी अथवा बैरेनी नाघेपछि, सल्लाका केही बोटहरु पनि देख्नु हुनेछ। सल्ला नेपालमा ९०० मिटरभन्दा माथि पाइने रुख भनी बयान गरिएको छ, तर त्यो राजमार्गमा झण्डै ३०० मिटरको उचाईमा सल्ला देखिन्छ। कसैले पो लगायो कि ? जेहोस् अनुसन्धानका लागि त्यो एउटा राम्रो विषय हुन सक्छ। त्यस्तै कुरिनघाट पुग्नुअघि देब्रे भित्तामा तपाईले सिसौको सानो जङ्गल पनि देख्नु हुनेछ। प्राकृतिक रुपमा सिसौ नदीछेउ लाग्दछन्, त्यो भित्ताको सिसौ भने मानिसले नै लगाएको हुनु पर्छ। मैले सुनेअनुसार त्यो सिसौधारी राजपरिवारको हो। किनकी सिसौबाट धेरै आम्दानी हुन्छ। मधेशतिर केटाकेटी जन्मेपछि सिसौ लगाउने चलन अझै छ ताकी पछि तिनको खर्च टार्न सकियोस्।

**प्रसङ्ग २: पहाड पर्वत**

रुख बिरुवाको प्रसङ्ग पछि अब पहाड र नदीनालाको चर्चा गरौं। नेपालका पहाडहरु हिमालय पर्वतमालासँगै सृजना भएका हुन्। हिमालयको सृष्टी हुनुअघि यस ठाउँमा एउटा ठूलो सागर थियो जसलाई वैज्ञानिकहरुले टेथिस सागर भनि नाम दिएका छन्। पछि भारतीय उपमहाद्वीपको भूभाग तिब्बतको भूभागसित ठोकिन आइपुग्यो। अझ सटिक भाषामा भन्ने हो भने महाद्विपहरु सर्ने क्रममा भारतीय भूभाग तिब्बतको भूभागभित्र धसिन गयो र टेथिस सागरको विलय भई त्यहाँ पहाडहरु उठ्न गए। यसलाई टेक्टोनिक चान भनिन्छ। यो कुरा आजभन्दा २ करोड वर्ष अघिको हो। भूगर्भ विज्ञानमा २ करोड वर्ष भनेको त्यति पुरानो भने होइन, तपाईं कल्पना गर्नोस् त्यतिखेर डाइनोसरहरु लोप भैसकेको थियो र मानव जातिको उदय हुन अझ साढे १ करोड वर्ष बाँकी थियो।

वैज्ञानिकहरु के पनि भन्दछन् भने हिमालय उठ्ने क्रम अझ रोकिएको छैन। किनकी तिब्बतको भूभागभित्र भारतीय भूभाग धसिने प्रक्रिया अझ जारी छ। यसले हाम्रा पहाडहरु स्थीर छैनन्, ती ज्यादै गतिशील छन्। बाटामा यहाँले देख्नु हुने पहिरो र भूक्षय यहि प्राकृतिक प्रक्रियाको अभिशाप हो, सधैं सबै ठाउँमा मानिसको क्रियाकलापलाई मात्र दोष दिनुहुन्न। यस कुराको एउटा ज्वलन्त उदाहरण कृष्णभीर हो। मानिसको दोष त्यहाँ कहाँ नेरमात्र देखियो भने त्यो बाटो निकै भिरालो / अनि अस्थीर चट्टानमा बनाइयो। खासमा त त्यहाँ चट्टान पनि छैन, माटो र मसिना नजमेका ढुङ्गाहरु छन्। यसैले हरेक वर्षाको पानीले त्यहाँको माटोलाई बगाउँछ र राजमार्ग समेतमा अवरोध पैदा हुन्छ।

आजभोली भने कृष्णभीरमा पहिरो आउन बन्द भएको छ बाटो बनाउने र पहिरो रोकथाम गर्ने सिभील इञ्जिनियरिङ्गसगै बोट विरुवाको समेत मद्दत लिई त्यसलाई रोकिएको छ। यस प्रविधिलाई बायो इञ्जिनियरिङ्ग भनिन्छ। कृष्णभीरमा अलिकति नियालेर हेर्नु भयो भने यहाँले त्यहाँ ठूलठूला ढुङ्गा र सिमेन्टका पर्खाल मात्र हैन विभिन्न बाँस र भूजेत्रोका ससाना रुखहरु समेत लगाएको देख्नु हुनेछ। यो एकदमै फाइदा दिने वैज्ञानिक काइदा हो। यस प्रविधिको विकास भने हाम्रैनेपाली इञ्जिनियर र प्राविधिकहरुले गरेका हुन्।

नौबिसेदेखि मुग्लिङसम्मको बाटोमा कृष्णभीर बाहेक सानाठूला गरी ३०-३५ वटा पहिरोहरु देख्न सक्नु हुन्छ। पहिरो गएका ती ठाउँहरुको भिरालोपना र ढुङ्गा माटोलाई हेरिकन यहाँले ती ठाउँमा किन पहिरो गयो होला भन्ने अनुमान लाउन सक्नु हुन्छ तर धेरैजसो पहिरो ज्यादै भिरालो पाखा र चट्टानको अस्थिर पाटोमा खनिएको राजमार्गमा गएको पाइन्छ। सामान्यतया नेपालका सबै पहाडहरु पहिरोबाट मुक्त छैनन्।

शायद यहाँले जानीराख्नु भएकै कुरा होला नेपालका पहाडहरु अझ भनौं हिमालय पर्वतमाला पूर्वदेखि पश्चिमतिर लम्किएका छन्। यसैले नौबिसेदेखि मुग्लिङसम्म जाँदा हामी प्रायः पहाडको फेदै फेद भएर पहाड फैलिएको दिशातिरै गैरहेका हुन्छौं। मुग्लिङसम्मको पहाडी भागलाई भूगोलको भाषामा मध्य पहाडी क्षेत्र भनिन्छ। मुग्लिङदेखि दक्षिण नारायणघाट लाग्नु भएपछि भने महाभारत पर्वत सुरु हुन्छ। नेपालका पहाडहरुको बनावटबारेको पुष्टि नदीनाला र खोल्साले पनि गर्छ। जस्तै नौविसेदेखि मुग्लिङसम्मको करिब ८० कि.मी. को दूरीमा यहाँले २५ वटा पुलेसाहरु तर्नुहुनेछ। जबकी मुग्लिङदेखि नारायणघाट सम्मको ३५ कि.मि. मा १८ वटा पुलेसाहरु तर्नुहुनेछ।

मुग्लिङ्गदेखि नारायणघाट मोडिएपछि तपाईं महाभारत पर्वतको कापैकाप लाग्नुहुन्छ। राजधानी काठमाण्डौलाई देशका बाँकी शहरसित जोड्ने त्यो बाटो सामरिक हिसावले अत्यन्तै महत्त्वपूर्ण छ, यहाँको मुटुको धमनीजस्तै। तर राजमार्गको त्यो खण्डको न्वारन गरिएको छैन। पृथ्वीराजमार्ग सँगसँगै बनेको त्यो बाटोको नाम किन छुटेको होला ? नेपालको सडक विस्तारमा अन्तर्राष्ट्रिय राजनीतिको छाया परेको यो एउटा ज्वलन्त उदाहरण हो।

टेथिस सागर सुक्नु अघि महाभारत पर्वतको फेदीसम्मै समुद्र भएको भूगर्भशास्त्रीहरु अनुमान गर्दछन्। यसको भिरालोपना यहाँले बस झ्यालबाट चियाएरै पनि अन्दाज लाउन सक्नु हुन्छ, झण्डै झण्डै टोपी खस्ने बराबरको छ। त्रिशुलीको छेउछेउ बग्ने त्यहाँको बाटो साँघु छ र ज्यादै भिरालो पनि। तर पहिरो भने कम्ता। यस्तो किनहोला भूगर्भविद्हरु त्यहाँ देखिने कडा चट्टानलाई क्वार्जाइट भन्दछन्, र ती वास्तवमै सारै कडा खाले चट्टान हुन्। धेरैजसो ठाउँमा त्यहाँ बाटोको बनाई पनि चट्टानकै दिशातर्फ काटिएको छ यसले गर्दा ज्यादै भिरालोमा पनि त्यहाँ पहिरो गएको छैन। झण्डै जुगेडीसम्मै महाभारतको पहाड देखिन्छ, त्यसपछि भने चुरेका फूच्चा डाँडाहरु सुरु हुनेछ।

चुरे हिमालय शृंखलामै सबभन्दा कान्छो हो। यो लगभग १ करोड वर्षअघि अस्तित्वमा आएको अनुमान गरिन्छ, अर्थात् हिमालयभन्दा करोड वर्षले कान्छो। चुरेको भूस्वरुप मूलतः नदीले बगाएर ल्याएक गेग्रान बलौटे ढुंगा र दुमट माटोले बनेको छ। चुरे ज्यादै सुख्खा ठाउँ हो यहाँको पानीको सतह तराइको तुलनामा तीन गुनाले गहिराइमा छ भूक्षय खुपै गैरहन्छ। माटोमा खासै पोषण छैन। अतः कृषिका दृष्टिले यो राम्रो ठाउँ होइन त्यसैले मानिसको बस्ती निकै पातलो रहेको छ मानिसको बस्ती पातलो हुनाले जङ्गल भने बच्न पायो। चुरे क्षेत्रमा नेपालकै सबभन्दा बढी वन भएको तथ्याङ्कले उजागर गरेको छ नेपालको औसत वन क्षेत्र ३० प्रतिशतभन्दा कम छ, तर चुरेमा झण्डै ७० प्रतिशत भूभाग वनले ढाकेको छ। (अहिले नेपालको जम्मा क्षेत्रफलको ४६ प्रतिशत वनले ओगटेको छ।–सं.)

जुगेडी सकिएर रामनगर पुगेपछि भने चुरेका डाँडाहरु सकिनेछन् केही समथर भाग तर गेग्रान भएको त्यो ठाउँ अलिक माथि पनि छ उचाइका हिसाबले। त्यसलाई हामी भावर भन्दछौं। भावरले चुरेको डाँडा र तराईको समतल मैदानलाई छुट्टयाउँदछ।

चितवनको समतल मैदानलाई तराई नै भन्न चाहिं मिल्दैन। तराई त निकै दक्षिण अमलेखगन्ज पुगेपछिमात्र शुरु हुन्छ। चितवन वास्तवमा भित्री मधेस हो। यसलाई चुरे पर्वतबीचमा रहेको उपत्यका पनि भनिन्छ। चितवन उपत्यका पश्चिममा नवलपरासीको गैंडाकोटदेखि पूर्वमा लोचर खोला हुँदै मनोहरि सम्मै फैलिएको छ। यसको दक्षिणमा राष्ट्रिय निकुञ्जको बाक्लो जङ्गल देख्नु हुन्छ भने उत्तरमा चुरे र महाभारतका पहाडहरु- जहाँ रहेका छन् चेपाङका वस्तीहरु। चितवनको समतल भागमा भने आदिवासीका रुपमा थारुजाति रहँदै आएका छन्। तर आजभोली पचहत्तरै जिल्लाका मानिसहरु यहाँ भएको अडकल गरिन्छ। त्यसैले चितवनलाई छहत्तरौं जिल्ला पनि भनिन्छ। नेपालको राजधानी लगायत पहाडी शहरहरु र पूर्व पश्चिमलाई जोड्ने हुँदा चितवन अत्यन्तै महत्वपूर्ण नाका हो। चितवन भविष्यको राजधानी हुन सक्ने योजनाविद्हरुको कथन छ।

**प्रसङ्ग ३: नदीनाला र दोभानहरू**

पहाड पर्वतको प्रसङ्गपछि अब नदीनाला पछ्याऔं। नेपालमा ६ हजारजति नदीनालाहरु रहेको अनुमान गरिन्छ तिनको क्षमता वार्षिक करिब १७४ अर्ब घन मिटर छ। नदीनालाको नक्सा हेर्नु भयो भने नेपाललाई मूलतः ३ वटा नदीका बेसीहरुले सिंचेको छ, पूर्वमा कोशी, पश्चिममा कर्णाली र मध्यमा गण्डकी यतिखेर हामी गण्डकीको कुरा गर्दैछौं। नौबिसेनेर तपाईले देख्नु भएको सानो खोला खानीखोला हो। तपाईंले याद गर्नु भएको होला, तल झर्दै गएपछि त्यो कति ठूलो हुँदै गयो भनेर। पछि त्यो महेशखोलाको रुपमा गल्छीमा पुगेर विशुनीमा विलय हुन्छ।

त्रिशुलीको पहिलो झझल्को बैरेनीमा आएर देखिन्छ। राम्रोसित अवलोकन गर्न राजमार्गभन्दा ५० मिटर परको पूलसम्म जानुपर्छ जहाँनेर गल्तीको महेशखोलालाई कर्णेल फौदसिंहले पहाड काटेर त्रिशुलीसित मिसाइएको छ। त्रिशुलीको उद्गम तिब्बत हो पछि त्यसमा रसुवाको गोसाईकुण्ड समेतको पानी मिसिन्छ। गोसाईकुण्ड करिब ५,००० मिटरको उचाईमा छ। बैरेनीमा त्रिशुली २५० मिटरको उचाइमा बगिरहेको छ। कल्पना गर्नोस, त्यसको धार कति शक्तिशाली होला। हिमालदेखि निस्के पानी भएकाले त्रिशुलीको पानी कहिल्यै सुक्दैन। त्यो सफा र अविरल छ।

वैरेनिदेखि बेनीघाट पुग्दा त्रिशुलीमा बुढी गण्डकी मिसिन आइपुग्छ यसको उद्गम लार्के हिमाल हो। त्रिशुलीलाई हेर्दै जानु भयो भने बुढी गण्डकीसँगको दोभान स्पष्टै देखिन्छ। मुग्लिङ्ग पुग्दा उसित पश्चिमबाट बगेर आएको मर्स्याङ्दी मिसिन आइपुग्छ। त्यतिञ्जेल मर्स्याङ्दीमा दरौदी मिसिसकेको हुन्छ। मर्स्याङ्दी मनाङको थोरुङदेखि बन्दै आएको नदी हो। त्रिशुली र मर्स्याङ्दीको दोभान हेर्न यहाँले मुग्लिङ्गको गाडीजाने झोलुङ्गे पुलसम्म पुग्नै पर्ने हुन्छ। मर्स्याङ्दी पनि हिमालदेखि बग्दै आएको पानी हो। नुवाकोटमा त्रिशुलीले जस्तै गोरखामा यसले ठूलठूला पानीघट्ट चलाई बिजुली उत्पादन गरिसकेको हुन्छ।

मर्स्याङ्दी मिसिएको त्रिशुली अब तेस्रो दर्जाको नदी भयो। महाभारत पर्वतको कापमा निकै बेतोडमा यो बग्दैजान्छ। नदीको चौडाइ सानो भएकाले यसको गहिराइ र गति अलिक बढी नै हुनुपर्दछ। मुग्लिङ्गदेखि नारायणघाट जाने बाटोमा महाभारत नकाट्दै जलवीरेमा यहाँले हेर्नु भयो भने त्रिशुलीमा अर्को एउटा महत्त्वपूर्ण नदी मिसिन आइपुगेको देख्नु हुन्छ। त्यो हो सेती नदी। पोखरा बजारको काप काप भएर बग्ने त्यो सेतीमा त्यतिञ्जेल मादीको पानी पनि मिसिसकेको हुन्छ। सेतीको उद्गम पनि हिमालय नै हो, यसैले यो चिसो र कहिले नसुक्दो छ। क्याल्सियम कार्बोनेट अर्थात चुनढुङ्गा धेरै मिसिंदा यो सेतै दुधिलो देखिएको हो।

यसरी बैरेनीदेखि जलवीरेसम्मको १०० कि.मी. भन्दा कम दूरीको राजमार्गमा यहाँले त्रिशुलीमा ३ वटा नदीहरुको अपूर्व संगम देख्नु भयो, बेनीघाटमा बुढी गण्डकीसितको मुग्लिङमा मर्स्याङ्दीसितको र जलवीरेमा सेतीसितको। सेती मिसिन आएपछि त्रिशुलीमा ६ वटा गण्डकीहरुको पानी बगेको हुन्छ। बुढी गण्डकी, दरौंदी, मर्स्याङ्दी, मादी, सेती र त्रिशुली आफैं। सप्त गण्डकी कसरी बन्यो त ? सप्त गण्डकी हेर्नका लागिभने यहाँले रामनगर नाघेपछि नारायणघाट बजार जानु अघि राजमार्गदेखि ७ कि.मी. भित्र पसेर देवघाट पुग्नु पर्ने हुन्छ।

देवघाटको दोभानमा पूर्वबाट आएको त्रिशुली र पश्चिमबाट आएको काली गण्डकीको मिलन हुन्छ र त्यो सप्त गण्डकी बन्दछ। सप्त गण्डकीलाई नारायणी पनि भनिन्छ। देवघाटको फराकिलो बगरमा नारायणी सौम्य देखिन्छ। विज्ञानको भाषामा पनि त्यसलाई वयस्क नदी भनिन्छ। नेपालमा सबैभन्दा बढी पानी बग्ने नदी नारायणी हो। वर्षातको बेला नारायणीमा प्रतिसेकण्ड ५ हजार घन मिटर पानी बग्दछ, जुन कर्णाली र कोशीको भन्दा ५०० घन मिटरले बढी हो। अब कल्पना गर्नोस् देवघाटको पानीमा पूर्वको गोसाइकुण्ड र पश्चिमको मुक्तीनाथदेखिको पानी छ। यसरी यस नदीले मध्य नेपालको पूरै जलाधारलाई समेटेर सबै पानी आफूमा समाहित गरेको छ किन देवघाट पवित्रस्थल नहोस्।

त्रिशुली नदी हिमालय पर्वतमालाको सिर्जनापश्चात्बग्न थाले पनि कालीगण्डकी हिमालयको सृष्टी अघिदेखि अविरल बगिरहेको नदी हो। यसको उद्गम हिमालय पारीको मुस्ताङ क्षेत्र हो। कालीगण्डकी अत्यन्तै पुरानो नदी भएको हुँदा यसले निकै गहिरो गल्छी बनाएको छ र भित्रभित्रै बगिरहेको छ।

वास्तवमा काली गण्डकीको गल्छी विश्वकै सबभन्दा गहिरो गल्छी हो। कालीगण्डकीमा एमोनाइट भनिने शालीग्राम पनि पाइन्छ, जसलाई हामी घरघरमा पूजा समेत गर्दछ। वास्तवमा त्यो समुद्रमा पाइने आदिकालका शंखेकिराहरूको अवशेष सहितको चट्टान हो। कालीगण्डकीमा यस्तो अवशेष पाइनाले परापूर्वकालमा यहाँ समुद्र रहेको पुष्टि हुन्छ। कतिपयले शालीग्राम फुटाली त्यसभित्र पाइने सुन पनि जम्मा गर्ने जमर्को गर्छन्। तर पत्याउनोस् शालीग्राम भित्रको त्यो पहेलो धूलो वास्तविक सुन होइन बरु फलामको धूलो हो। त्यसलाई मूर्खको सुन पनि भनिन्छ। यसकारण देवघाटको बगरमा शालीग्राम चाहिँ भेट्टाउने कोशिश गरौं तर फुटालेर मूर्ख नबनौं।

('साइन्स एण्ड फ्युचर' म्यागाजिन, वर्ष २, अंक ३, २०६४ बैशाख अंकबाट साभार)

# वैदेशिक रोजगारीलाई बुझ्ने कसरी ?



रामचन्द्र श्रेष्ठ

जब वैदेशिक रोजगारी वा श्रम आप्रवासनको चर्चा हुन्छ लाहुरेको कथा दोहोऱ्याइन्छ । वैदेशिक रोजगारीलाई अनन्त कालदेखि चलिरहेको निरन्तरताको रुपमा व्याख्या गरिन्छ । अझैं प्रागऐतिहासिक उदाहरण प्रस्तुत गर्दै मान्छे बसाइ सर्ने प्राणी हो भनी व्याख्या गरिन्छ। अर्कोतर्फ वैदेशिक रोजगारीले नेपालीको जीवनस्तर उठाएको र गरीबी घटाउन मद्दत गरेकाले यो मात्रै नेपाली अर्थतन्त्र र नेपाली जीवनस्तर उठाउने भरपर्दो माध्यम हो भनी चर्चा विश्लेषण गरिन्छ। अंग्रेजी र नेपाली भाषामा लेखिएका शोधमूलक लेखहरुदेखि अखबारी लेखहरुमा 'विज्ञ'हरुको आधारभूत मान्यता नै यहीं रहेको छ। तर, वैदेशिक रोजगारीबारेको हाम्रो यो अवधारणा पर्याप्त छ ? यो लेखमा वैदेशिक रोजगारीबारे स्थापित यी मान्यताहरुमाथि विवेचना गर्ने प्रयत्न गरिएको छ।

**नवउदारवादी विश्वमा श्रम आप्रवासनः**

संसारमा नवउदारवाद हावी हुन थालेपछि राष्ट्र-राज्यका पर्खाल नाघेर वस्तु र श्रमको विनिमय तीव्र हुन थाल्यो। त्यसैगरी एकाधिकार वित्तिय पुँजी पनि मार्क्सले कम्युनिष्ट घोषणापत्रमा भनेजस्तै 'चिनियाँ पर्खाल' नाघेर रजाइँ गर्न थाल्यो । विश्व एउटा उत्पादन प्रणालीमा जोडिन थाल्यो जसलाई नवउदारवादी विश्वव्यापीकरण भन्न थालियो। नवउदारवादी विश्वव्यापीकरणसँगै संसारभर श्रम आप्रवासन पनि बढ्न थाल्यो। सन् २०२० मा अन्तर्राष्ट्रिय आप्रवासीको सङ्ख्या २८ करोड ६ लाख पुग्यो। यो विश्वको जम्मा जनसङ्ख्याको ३.६ प्रतिशत थियो । यसमध्ये लगभग १७ करोड आप्रवासी श्रमिकहरु थिए । सन् १९७० मा अन्तर्राष्ट्रिय आप्रवासीको सङ्ख्या ८ करोड ४४ लाख मात्र थियो। त्यो त्यतिबेलाको विश्व जनसङ्ख्याको २.३ प्रतिशत थियो । २१ औं शताब्दीको शुरुवाती दुई दशकमा विश्वमा बसाइसराइ ह्वात्तै बढेको देखिन्छ । त्यसमा ठूलो भाग आप्रवासी श्रमिकले ओगट्छन्। श्रम आप्रवासनको यो कथा भने सन् १९८०को दशकबाट शुरु हुन्छ।

सन् १९८० र ९० को दशकमा शुरु भएको नवउदारवादी विश्वव्यापीकरणले पूँजी र ज्यालादारी श्रमबीचको सम्बन्धमा आधारभूत र संरचनात्मक परिवर्तन गऱ्यो । यस अवधिमा श्रमलाई पूँजीको अधिनमा राख्ने नयाँ तरिकाहरु विकास भए । नवउदारवादी विश्वव्यापीकरण नवउदारवादलाई संस्थागत गर्ने अन्तर्राष्ट्रिय संस्थाहरुको शासनमा भइरहेछ। अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनजस्ता अन्तर्राष्ट्रिय संस्थाहरुले सहयोग, ऋण, संरचनात्मक समायोजन कार्यक्रम जस्ता औजारहरुको माध्यमबाट नवउदारवादी शासन चलाइरहेका छन्।

यो नवउदारवादी उत्पादन प्रणालीलाई मार्क्सवादी चिन्तक र शोधकर्ताहरुले विश्लेषण गर्ने प्रयत्न गरेका छन् । मार्क्सवादी विश्लेषक जोन वेलामी फोस्टर लगायतले वर्तमान नवउदारवादी उत्पादन प्रणाली विश्वव्यापी कमोडिटी शृंखला वा विश्वव्यापी मूल्य शृंखलामा आधारित छन् भनी विश्लेण गरेका छन्। यस्ता शृंखलाहरु बहुराष्ट्रिय कम्पनीहरुद्वारा व्यवस्थित र सञ्चालन गरिएका हुन्छन् । विश्वव्यापी कमोडिटी शृंखलामा उत्पादन विभिन्न स-साना भागहरुमा विभाजन गरी विश्वभर फैलाइएको हुन्छ। यी हरेक स-साना उत्पादन केन्द्रहरुमा मूल्यको सिर्जना हुन्छ र त्यो मूल्य केन्द्रतर्फ प्रसारण हुन्छ। विश्वव्यापी कमोडिटी शृंखला वर्तमान साम्राज्यवादी आर्थिक प्रणालीको मेरुदण्ड हो । विश्वव्यापी कमोडिटी शृंखलालाई तीन प्राविधिक उन्नति र तीन राजनीतिक-आर्थिक परिवर्तनले आकार दिन मद्दत गरे । एक, सञ्चार प्रविधिको प्रगति । सन् १९६०को दशकको मध्यतिर ठूलो सङ्ख्यामा स्याटेलाइटहरु आकाशमा छोडिए । यी स्याटेलाइटको मद्दतले संसारलाई दुरसञ्चार प्रणालीमा जोड्यो । दुई, कम्प्युटरको प्रयोग। कम्प्युटरको व्यापक प्रयोग बढ्न थालेपछि संसारका विपरीत धुव्रबीच पनि सम्बन्ध राख्ने क्षमता अभिवृद्धि भयो । कम्प्युटर डेटाबेसको प्रयोगले कम्पनीहरुलाई आफ्नो कच्चा पदार्थ र तयारी वस्तुहरुको सूची खाताहरुमा राख्नुभन्दा कम्प्युटरमा राख्न सकिने भयो । स्याटेलाइटको माध्यमबाट क्यालिफोर्नियामा बसेर हङकङको उद्योगलाई निरीक्षण र नियन्त्रण गर्नसक्ने क्षमता बन्यो । तीन, कन्टेनरमा सुधार । सन् १९५० को दशकतिरबाट प्रयोगमा आएका विशिष्ट आकारका धातुका कन्टेनरहरु र क्रेनहरुले जहाजबाट सामान ओसार पसार गर्न, सामान लोड-अनलोड गर्न सहज तुल्याइदियो र समय पनि घटाइदियो। यसका साथै अन्तर्राष्ट्रिय प्रमाणीकरण संगठनले वस्तुहरुको मापदण्ड निश्चित गरिदिएकाले जुनसुकै देशबाट पनि पाटपूर्जाहरु मगाउन सहज भयो।

सन् १९८० र ९० को दशकमा तीनवटा मुख्य राजनीतिक परिवर्तनहरु भए । एक, सोभियत संघ र पूर्वी युरोपको समाजवादी खेमाको हार भयो। यसले बहुराष्ट्रिय पूँजीवादको मुख्य अवरोधलाई हटायो। दुई, तेस्रो विश्वसको ऋण सङ्कट र चीनको खुलापन। सन् १९७० को दशकको अन्त्य र १९८० को दशकको शुरुवातमा आएको ऋण सङ्कटले गर्दा धेरै विकासोन्मुख देशहरुले आफ्नो बजारलाई स्वतन्त्र राख्न नसकी विश्व व्यापार प्रणालीमा आत्मसमर्पण गर्न बाध्य भए । यही समयमा सन् १९७८ बाट सुरु भएको चीनको बजार सुधारले विश्वव्यापी उत्पादन सञ्जालका लागि करोडौं सस्तो श्रमिकहरु उपलब्ध गरायो । तीन, नवउदारवादी नीति । अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्गरेट थ्याचरको उदयसँगै शुरु भएको नवउदारवादी नीतिका कारण ती देशका सरकारहरुले आफ्ना नागरिकका आवश्यकता भन्दा बहुराष्ट्रिय कम्पनीहरुको हितलाई प्राथमिकता दिने नीतिहरु अवलम्बन गरे। यसले बहुराष्ट्रिय कम्पनीहरुलाई ग्लोबल नर्थका उद्योगहरु बन्द गरेर विदेशमा उत्पादन केन्द्रहरु खोल्न र वित्तीय पूँजीलाई स्वतन्त्र रुपमा परिचालन गर्न कानुनी छुट दियो।

**विश्वव्यापी श्रम मध्यस्थता**

विश्वव्यापी कमोडिटी शृंखलाको मुख्य आधार हो– विश्वव्यापी श्रम मध्यस्थता। विश्वव्यापी श्रम मध्यस्थता बहुराष्ट्रिय निगमहरुले विभिन्न बजारहरुबिचको ज्यालाको असमानतामा आधारित भएर नाफा आर्जन गर्न अपनाएको रणनीति हो । यस रणनीतिअन्तर्गत कम्पनीहरुले न्यून ज्याला भएको स्थानबाट श्रमशक्ति दोहन गर्ने र त्यसबाट उत्पादित वस्तु वा सेवाहरुलाई उच्च मूल्य भएको बजारमा बिक्री गर्छन् । यो नवउदारवादी विश्वव्यापीकरणको मुख्य रणनीति हो । यो रणनीति अनुसार 'कम विकसित' देशहरुमा रहेको सस्तो श्रमशक्तिको शोषण गरी बहुराष्ट्रिय कम्पनीहरुलाई असाधारण अतिरिक्त मूल्य सिर्जना गरिन्छ। 'एक्काइसौं शताब्दीमा साम्राज्यवाद (इम्प्रेलिजम इन ट्वान्टी फर्स्ट सेन्चुरी)का लेखक जोन स्मिथले 'ग्लोबल लेबर आर्बिटेज'लाई नै उत्पादनको विश्वव्यापीकरणको मुख्य चालक शक्ति भनी विश्लेषण गरेका छन्। जसअनुसार 'श्रम अहिले अन्तर्राष्ट्रिय माल' बनेको छ।

**उत्पादन प्रक्रियाको स्थानान्तरणः**

विश्वव्यापी श्रम मध्यस्थताको एउटा महत्त्वपूर्ण पक्ष हो उत्पादन प्रक्रियाको स्थानान्तरण। दोस्रो विश्वयुद्धको अन्त्यपछि शुरु भएको उत्पादन प्रक्रियाको स्थानान्तरण नवउदारवादी नीतिसँगै तीव्र गतिमा फैलिन थाल्यो। खासगरी उच्च ज्याला भएका उत्तर युरोपेली र उत्तर अमेरिकी देशहरु (ग्लोबल नर्थ)बाट न्यून-ज्याला भएका एसियाली, अफ्रिकी, दक्षिण अमेरिकी देशहरु (ग्लोबल साउथ)मा वस्तु उत्पादनका उद्योगहरुलाई स्थानान्तरण गर्न थालियो । यसको लीग प्रत्यक्ष वैदेशिक लगानी बढाइन थालियो । यसका लागि 'विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्रहरु स्थापना गरियो। यसको मुख्य उद्देश्य नै न्यून ज्याला भएका क्षेत्रहरुमा उद्योगहरु स्थानान्तरण गरी सस्तो श्रमशक्तिको दोहन गर्नु थियो।

युरोप र अमेरिकामा १९औं र २०औं शताब्दीमा भएका मजदूर आन्दोलनहरू तथा ट्रेड युनियनहरूको स्थापनाले ज्यालामा वृद्धि, कार्यस्थलमा सुधार र श्रम कानुनहरू स्थापित गर्न सफल भयो। यी प्रयत्नहरुले ग्लोबल नर्थमा ज्याला बढ्दै गयो भने ग्लोबल साउथमा ज्याला कम नै रह्यो । ज्यालाको असमान वितरणलाई केही तथ्यांकबाट हेरौं । सन् २०११ को तथ्यांकअनुसार, टेक्सटाइल उद्योगमा प्रतिघण्टा ज्याला, विकसित देशहरूमा औसत १६.८० डलर थियो भने विकासशील देशहरूमा २.१६ डलर। यो प्रतिघण्टा ज्याला (डलरमा) स्वीजरल्याण्डमा ३५.३३, बेल्जियममा ३०.४२, जापानमा २७.७७, जर्मनीमा २७.६९, अष्ट्रियामा २४.५५, फ्रान्समा २१.०३, बेलायतमा २०.१७, संरा अमेरिकामा १५.७८ थियो भने मलेसियामा १.१८, इजिप्टमा ०.८२, केन्यामा ०.६७, भारतमा ०.६७, इण्डोनेशियामा ०.५५, बंगालदेशमा ०.२८ थियो । ज्यालाको यो असमान दरले एकाधिकार वित्तीय पूँजी किन विकसित देशबाट अविकसित देशमा स्थानान्तरण भयो भन्ने पुष्टि गर्दछ। अतिरिक्त मूल्यको प्रमुख स्रोत सस्तो श्रमशक्ति नै भएकाले पूँजीले सस्तो श्रमको उच्च उपलब्धता भएको क्षेत्रहरू खोज्यो जसले गर्दा स्थापित मजदूर अधिकारबाट भाग्न सकियोस् र प्रचुर नाफा उपलब्ध हुन सकोस्। अहिले उत्तरमा सेवाक्षेत्रलाई बढी जोड दिइएको छ। त्यसैले उत्तरमा व्यापारीक कम्पनीहरू स्थापित भइरहेका छन् भने दक्षिणमा वस्तु उत्पादनका उद्योगहरू बढिरहेका छन् । श्रमशक्ति राष्ट्र-राज्यको घेरा तोडेर बाहिर जाने प्रक्रिया पहिला पनि थियो। ब्रिटिशकालीन भारतदेखि बर्मासम्म नेपाली श्रमशक्ति गएकै थियो। तर, वर्तमान नवउदारवादी विश्वव्यापी श्रम मध्यस्थताले सिर्जित श्रम आप्रवासन परम्परागत श्रम आप्रवासनभन्दा नितान्त भिन्न छ। पहिले कम्पनीहरुले कि त सस्तो श्रमशक्ति भएको देशमा उद्योग स्थापना गर्थे वा आफ्नै देशमा सस्तो आप्रवासी कामदारलाई उपयोग गर्थे । नवउदारवादी विश्वव्यापीकरण पछि दोहोरो श्रम मध्यस्थता अपनाइएको छ । यस अनुसार बहुराष्ट्रिय कम्पनीहरुले आफ्नो उत्पादन प्रक्रियालाई पहिले नै कम ज्याला भएको 'होस्ट' देशमा स्थानान्तरण गरेका छन् । अर्कोतर्फ, अझ कम ज्याला भएका देशहरुबाट आप्रवासी कामदाहरुलाई त्यहाँ ल्याइएको छ। यसो गर्दा उद्योग स्थापना गरिएको देशका मजदूरहरुले सस्तो ज्यालामा काम गर्न तयार नहुँदा अन्य सस्तो श्रम भएको देशबाट कामदार आयात गरिएका छन्। उदाहरणका लागि जोर्डनको गार्मेन्ट उद्योगमा नेपाली र बंगलादेशी आप्रवासी ठूलो सङ्ख्यामा कार्यरत छन् । स्थानीय जोर्डनी कामदारहरुले कम ज्यालामा काम गर्न नचाहेपछि नेपाली र बंगलादेशीलाई रोजिएको हो । यो दोहोरो श्रम मध्यस्थ्यतामा आप्रवासी श्रमिक बाध्यकारी श्रम गर्न बाध्य हुन्छ। श्रमिक आफ्नो श्रमशक्ति बजारमा आफुखुशी बिक्री गर्न स्वतन्त्र हुँदैन। आप्रवासी कामदारहरुको भिजा प्रायः एउटै रोजगारदातासँग बाँधिएको हुन्छ त्यसको लागि कफाला जस्ता प्रणाली निर्माण गरिएको हुन्छ । आप्रवासी श्रमिकले उद्योग र काम फेर्न पाउँदैन । जागिर छोडेमा वा गर्भवती भएमा देश निकालाको डर हुन्छ। आप्रवासी श्रमिकको यही 'अस्वतन्त्रता' नै बाध्यकारी श्रममा बदलिन्छ जुन कम्पनीहरुको लागि नाफाको स्रोत बन्छ।

**आर्म्स लेन्थ सम्झौता अर्थात् ठेकेदारी**

विश्वव्यापी कमोडिटी शृंखलाको अर्को रणनीति हो– आर्म्स लेन्थ सम्झौता । आर्म्स लेन्थ सम्झौता भनेको प्रत्यक्ष वैदेशिक लगानी गर्नुको सट्टा बाह्य ठेक्का वा उपठेकेदारीमार्फत् उत्पादन गराउने रणनीति हो। यो सिर्जित मूल्य कब्जा गर्न हात लम्बाउनु हो। यो एकप्रकारको व्यावसायिक सम्बन्ध हो जसमा बहुराष्ट्रिय कम्पनीले आफ्नै स्वामित्व वा प्रत्यक्ष व्यवस्थापनमा उत्पादन गर्नुभन्दा बाह्य कम्पनी (ठेकेदार उत्पादक)लाई उत्पादनको जिम्मा दिन्छ।

एप्पल, नाइक जस्ता कम्पनीहरुले यही गरिरहेका छन् । यी कम्पनीहरुले आफै उद्योग सञ्चालन गर्नु भन्दा पनि सस्तो श्रमिक र स्रोत भएका 'होस्ट' देशहरुमा ठेकेदारी दिएका छन्। आर्म्स लेन्थ सम्झौता अनुसार बहुराष्ट्रिय कम्पनीहरुले श्रम शोषणको प्रत्यक्ष जिम्मेवारीबाट आफुलाई मुक्त गर्छन् तर रणनीतिक र वित्तीय नियन्त्रण भने आफैँसँग राख्छन्।

एप्पल र नाइक जस्ता कम्पनीहरु यसरी नै काम गर्छन्। एप्पलले आफैँ आइफोन निर्माण गर्दैन । यसले ताइवानको फक्सकन जस्ता ठेकेदार कम्पनीलाई उत्पादनको ठेक्का दिन्छ। आइफोइको डिजाइन, इन्जिनियरिंग र मार्केटिंग एप्पलले गर्छ भने फक्सकनले चीनमा श्रमिकहरु राखेर उत्पादन गर्छ । मुनाफाको ठूलो भाग एप्पलले लिन्छ, फक्सकनले सानो मार्जिनमा काम गर्छ। उदाहरणका लागि आइफोनको उत्पादनलाई हेरौं।

सन् २०१० मा ५४९ अमेरिकी बजारमा ५४१ डलरमा बिक्री हुने आइफोन ४को एसेम्बल र कम्पोनेन्टहरु बनाउन लाग्ने श्रम लागत केवल १० डलर (१.८ प्रतिशत) थियो, जबकि एप्पलले ५९ प्रतिशत नाफा कब्जा गरेको थियो । आइफोन निर्माणका लागि कोबाल्ट, कोल्टान, ग्यालियम, सुन, प्लाटिनम, सिलिकन जस्ता १२ वटा दुर्लभ पदार्थहरु चाहिन्छ । यी कच्चा पदार्थहरु गणतान्त्रिक कंगोदेखि बोलिभियासम्मबाट उत्खनन् हुन्छन् । गणतान्त्रिक कंगोको खानीमा ४० हजारभन्दा बढी बालबालिका दैनिक १ देखि २ डलरमा काम गराइन्छन्। खानीबाट कच्चा पदार्थ उत्पादन भइसकेपछि आइफोनका विभिन्न भागहरुको उत्पादन सुरु हुन्छ । आइफोनका यी भागहरु कम्तीमा ३० देशमा विभिन्न कम्पनीहरुमा उत्पादन भएका हुन्छन् र चीनमा एसेम्बल हुन्छन् । अमेरिका चीनको व्यापार युद्धको कारण अब एप्पल चीनबाट भारतमा आफ्नो उत्पादनको हिस्सा सार्दैछ । यो सिंगो प्रक्रियामा एप्पलले लगानी गर्दैन । एप्पलले आइफोनको डिजाइन गर्छ क्यालिफोर्नियामा र फक्सकन, पेगाट्रोन, टाटा, लुक्सेयर, विस्ट्रोन जस्ता कम्पनीहरुलाई विभिन्न भागहरु उत्पादनको ठेक्का दिन्छ। लगानी यी ठेकेदार उत्पादकहरुले गर्छन्। एप्पलले यी ठेकेदार उत्पादकहरुलाई एप्पलको ब्लुप्रिन्ट, प्राविधिक सीप, केही प्राविधिक सामग्री जस्तै चेसिसको मोल्ड लगायत दिन्छ र खरीद गर्ने सङ्ख्याको सुनिश्चितता गरिदिन्छ। यसरी एप्पलले आइफोन उत्पादनको समग्र प्रक्रियामा खासै लगानी गर्दैन तर नाफामा अधिक हिस्साभने आफैसँग राख्छ। आइफोनको बिक्री मूल्यको लगभग १.८ प्रतिशत चीनको श्रम लागतमा जान्छ भने बाँकी एप्पलले लिन्छ।

**एकाधिकार र अतिशोषणः**

विश्वव्यापी वस्तु सञ्जाल र त्यसलाई आधार प्रदान गर्ने विश्वव्यापी श्रम मध्यस्थतालाई हेर्दा उत्पादन प्रक्रिया भौगोलिक रुपमा छरिएको देखिएता पनि यसको वास्तविक नियन्त्रण उत्तर विश्वका गगजचुम्बी भवनहरुमा रहेका बहुराष्ट्रिय कम्पनीको वित्तीय मुख्यालयहरुसँग हुन्छ। यी मुख्यालयहरुले सूचना प्रविधि र बजारमा आफ्नो एकाधिकार कायम राख्दै मूल्य शृंखलाको सबैभन्दा ठूलो हिस्सा कब्जा गर्छन्। विश्वव्यापी श्रम मध्यस्थतामा आफ्नो समुदाय र देशबाट टाढिएका, संगठित आवाज उठाउन नसक्ने देशहरुका मजदूरलाई उसको श्रमशक्ति पुनरुत्पादन गर्न आवश्यक न्युनतम लागतभन्दा पनि कम ज्याला दिए अतिरिक्त मूल्य सिर्जना गरिन्छ। खासमा बहुराष्ट्रिय कम्पनीहरुले मुल्य सिर्जना गर्दैनन्, उत्पादनको विश्वव्यापी सञ्जालका हरेक कडीहरुमा उत्पन्न भएका मूल्यहरुको शोषण गर्छन्।

सारमा, सन् १९८०को दशकबाट नवउदारवादी विश्वव्यापीकरण शुरु भयो । यसले एकातर्फ सार्वजनिक संस्थानहरुबाट राज्यलाई अलग्गाउने, बजारमाथि राज्यको नियमन न्यूनीकरण गर्ने, निजीकरणलाई जोड दिने र राज्यका सीमाहरुलाई खुकुलो बनाउन जोड दियो । अर्कोतर्फ, विश्वव्यापी मूल्य शृंखला वा विश्वव्यापी कमोडिटी शृंखलाले उत्पादनको विश्वव्यापीकरण सुरु भयो। उत्पादन प्रक्रिया स-साना भागमा संसारभर विभाजित भयो । यसको लागि प्रत्यक्ष वैदेशिक लगानीमार्फत् उद्योगहरुको स्थानान्तरण गरियो साथै आर्म्स लेन्थ सम्झौताजस्तो नयाँ प्रकारको रणनीति अपनाइयो । उद्योगको स्थानान्तरण र आर्म्स लेन्थ सम्झौताको लागि कम ज्याला भएका देशहरु रोजिए । र, ती देशहरुमा अन्य अझै कम ज्याला भएका देशहरुबाट सस्ता श्रमिकहरुको आपूर्ति गर्न थालिए । यसरी संसार एउटा उत्पादन प्रक्रियाको धागोमा जोडियो जसको ठाउँ ठाउँमा गाँठाहरु छन्। ती हरेक गाँठाहरुमा मूल्य सिर्जना हुन्छन्। ती सबै गाँठाहरुमा सिर्जित मूल्यहरु तेलमा भिजाएको बत्तीमा प्रसारित भएजस्तै केन्द्रतिर प्रसारण हुन्छ । त्यो केन्द्र विकसित देश भनिने ग्लोबल नर्थका बहुराष्ट्रिय कम्पनीका मुख्यालयहरु हुन्छन् । नेपाल यहीं प्रणालीमा सस्तो श्रमिक उपलब्ध गराउने देश हो। मलेसिया वा खाडी मुलुकहरु उद्योगको स्थानान्तरण र आर्म्स लेन्थ सम्झौताका लागि रोजिएका देशहरु हुन् । यो विश्वव्यापी मूल्य शृंखलामा नेपालले सस्तो श्रमशक्ति आपूर्ति गर्छ र त्यसबापत त्यो ज्यालाको रुपमा विप्रेषण प्राप्त गर्छ।

---

**देशभर...**

शान्त, मर्यादित वा खलबल गर्ने गरी चुनाव मनाउने जिम्मा मुलरुपमा उम्मेदवार र पार्टीको रहन्छ। निर्वाचन गराउनै पर्छ, यसको मापदण्ड र दायरा छ, दायराभन्दा बाहिर जानेलाई कानुनले नछोड्ने बताउँदै स्वच्छ र भयरहित निर्वाचन गराउन निर्वाचन कार्यालयले सहयोगको अपेक्षा गरेको जिल्ला निर्वाचन अधिकारी कल्पान अर्यालले बताइन् ।

'स्थापित यी कार्यालयबाट जिल्लामा निर्वाचनको विषयमा सुरक्षा र प्रशासनको समन्वय हुन्छ। सुरक्षित, निष्पक्ष र स्वतन्त्र रुपमा निर्वाचन सम्पन्न गर्न सम्पूर्ण राजनीतिक दल तथा सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेको हुन्छ।'-निर्वाचन अधिकारी अर्यालले भनिन्।

देशैभरी मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने कार्यक्रमअनुसार रुपन्देहीको ५ वटै क्षेत्रमा कार्यालय स्थापना भई उद्घाटन भएको हो। मतदानको अघि, मतदानको दिन र मतदानपछिको कार्यक्रमका लागि सुरक्षा प्रदान गर्न विशेष सुरक्षा योजना बनाएको छ। आचारसंहिता र यसको पूर्णपालना गर्नका लागि समेत अनुगमन समितिले पनि कार्य गर्नेछ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चपाईं, सुरक्षा निकायका प्रमुख नेपाल प्रहरीका एसपी प्रदिपबहादुर क्षेत्री, सशस्त्र प्रहरीका एसपी मेख राज जोशी, विभिन्न राजनितिक दलका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो। कार्यालय उद्घाटनसँगै निर्वाचन अभियान सुरु भएको छ।

यस्तै पाल्पामा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ। पाल्पामा दुई वटा निर्वाचन क्षेत्र रहेकोमा तानसेन दरबार संग्रहालयमा क्षेत्र नं. २ सहित मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ भने पाल्पा क्षेत्र नं. १ को लागि रामपुर नगरपालिका वडा नं. ५ को वडा कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापनको क्रममा जिल्लाका सुरक्षा निकाय, प्रमुख जिल्ला अधिकारीलगायतका विभिन्न सरकारी कार्यालयका प्रमुखहरुको सहभागिता रहेको थियो।

निर्वाचन आयोगले पाल्पा क्षेत्र नं. २ तथा मुख्य निर्वाचन अधिकृतको रुपमा जिल्ला अदालत पाल्पाका न्यायधीस हरिप्रसाद शर्मा उपाध्याय पंगेनीलाई खटाएको छ भने क्षेत्र नं. १ को निर्वाचन अधिकृतमा दशरथ पंगेनीलाई जिम्मेवारी दिएको छ। दुई वटै निर्वाचन अधिकृतको कार्यालयले फागुन २१ गतेको निर्वाचनको लागि कर्मचारी नियुक्तीको काम गरेको छ। यही माघ ६ गते हुने उम्मेदवार मनोनयनको लागि आवश्यक कर्मचारीहरु काममा खटिएका छन्।

निर्वाचन आयोगको निर्वाचन तालिकाअनुसार पाल्पाका दुई वटै निर्वाचन क्षेत्रको लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचनको तालिकाअनुसार काममा खटिएको पाल्पाका मुख्य निर्वाचन अधिकृत हरिप्रसाद शर्मा उपाध्याय पंगेनीले बताए।

पाल्पामा क्षेत्र नं. १ मा मतदान स्थल ५२ वटा, मतदान केन्द्र १ सय १७ वटा र मतदाता ९८ हजार ३ सय ८३ जना रहेका छन्। पाल्पा क्षेत्र नं. २ मा १ सय १८ वटा मतदान स्थल, २ सय ५१ वटा मतदान केन्द्र र १ लाख ९ हजार ५३ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय पाल्पाका निर्वाचन अधिकारी महेश शर्माले बताए।

माघ ६ गतेको उम्मेदवार मनोनयनको लागि दुबै निर्वाचन अधिकृतको कार्यालयले माघ ५ गते सर्वदलिय बैठकको आह्वान गरेका छन्।

पाल्पामा निर्वाचन प्रहरीको लागि १ हजार ४ सय १८ जनाको माग भएकोमा माघ १ गतेसम्म ९ सय ९० जनाको आवेदन परेकोमा थप जनशक्तिको लागि माग ३ गते सम्म म्याद थपिएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी होमप्रकाश चौधरीले बताए।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**बगारबाबा धाम रिहारः**
माघे सङ्क्रान्ति पर्वको अवसरमा दाङको लमही नगरपालिका-९ स्थित बगारबाबा धाम रिहारमा लागेको मेलाको ड्रोन क्यामेराबाट खिचिएको दृश्य। पूर्व-पश्चिम राजमार्गको दायाँ-बायाँ फैलिएको करिब एक सय हेक्टर क्षेत्रफलमा अवस्थित यो धाम धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिन्छ। तस्विरः कुलदीप न्यौपाने / रासस

# तिनाउमा खेल महोत्सव सुरु




बुटवल । बुटवल देविनगरस्थित तिनाउ बोर्डिङ् स्कुलमा खेल महोत्सव सुरु भएको छ।

महोत्सवको विद्यालयकी प्राचार्य सीता पाण्डे र विद्यालय व्यवस्थापन समिति अध्यक्ष यज्ञमूर्ति पाण्डेले संयुक्तरुपमा उद्घाटन गरे। माघ ४ गते आइतबारसम्म चल्ने खेल महोत्सवमा ६८ वटा खेलका विधामा ४९८ वटा पदकका लागि प्रतिस्पर्धा हुनेछ । खेल सप्ताहमा बिगिनर्स, सब-जुनियर, जुनियर र सिनियर गरी चारवटा समूहमा विद्यार्थीहरूलाई विभाजन गरी खेलाइने प्राचार्य पाण्डेले जानकारी दिइन्।

कुनै एक विद्यार्थी ट्र्याक एण्ड फिल्ड गरी जम्मा तीनवटा खेलहरुमा सहभागी हुन सक्नेछ भने खेल खेल्दा विद्यार्थीहरु समूहगत, जोडी वा एकल रुपमा समेत सहभागी हुन सक्ने व्यवस्था गरिएको छ।

खेललाई व्यवस्थापन गर्नका लागि तहगत खेल संयोजक र फिल्ड संयोजकलाई जिम्मेवारी तोकिएको छ । उद्घाटन सत्रका खेलहरूमा मन्टेस्वरीतर्फ जम्प इन रिङ र कलेक्सन अफ बल, कक्षा नर्सरीका लागि कप एण्ड बल रेस र हट पोटयाटो, एलकेजी र युकेजीका लागि कलेक्सन बल्स र बिल्डिङ ब्लग्स, वानका लागि बलुन ब्लास्ट र बास्केटिङ द बल सब जुनियरका लागि बुकब्यालेन्स, म्युजिकल चेयर र स्पुन रेस एवं सिनियरका लागि फुटबल, क्रिकेट र भलिबल खेलहरू सम्पन्न भएका छन्।

विद्यालय परिसरमा सञ्चालन हुने खेलको व्यवस्थापन लक्ष्मी पाण्डे र शान्ता शर्माले तथा विद्यालय परिसरभन्दा बाहिरका खेलहरू भाइस प्रिन्सिपल सूर्यप्रसाद पाण्डे र शिक्षक नारायण पोखरेलहरूले गरेका छन्।

सम्पूर्ण खेलको सञ्चालन र व्यवस्थापन अतिरिक्त क्रियाकलाप सल्लाहकार अग्निधर पोखरेल र अतिरिक्त क्रियाकलाप संयोजक नवीन रत्न शाक्यले गरेका विद्यालयले जनाएको छ।

# प्रलोपा रूपन्देही संयोजकमा बञ्जाडे, इञ्चार्जमा राई





बुटवल। प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) को जिल्ला एकता भेला भैरहवामा सम्पन्न भएको छ। भेलाले कृष्ण बञ्जाडे संयोजक र समीर चापागाईं सचिव रहेको ९१ सदस्यीय जिल्ला समिति गठन गरेको छ।

भेलाले पार्टीका नेता पंकज राईलाई जिल्ला इञ्चार्ज तोकेको छ। यस्तै जिल्लाका ५ वटा निर्वाचन क्षेत्रमध्ये क्षेत्र न २ इञ्चार्जमा रीना नेपाली, क्षेत्र नं. ३ इञ्चार्जमा रविना भण्डारी र विमला विक र क्षेत्र नं. ५ इञ्चार्जमा सुनिल चौधरी चयन भएका छन्। क्षेत्र नं. १ र ४ को इञ्चार्ज पछि तोकिने जिल्ला इञ्चार्ज राईले जानकारी दिए।

भेलामा पार्टीका संरक्षक राम कार्की, पार्टीका केन्द्रीय सदस्यहरु वामदेव क्षेत्री, यज्ञ पोखरेल, नेता नारायण नागिलालगायतले सम्बोधन गर्दै जेनजी आन्दोलनको म्याण्डेटअनुसार प्रलोपाले पुराना नेतालाई संरक्षकको भूमिकामा राखेर युवा पुस्तालाई नेतृत्वमा स्थापित गरेको बताए।

# कोरियाबाट फर्केपछि गाउँमै दुग्ध व्यवसाय

तम्घास । रूरूक्षेत्र गाउँपालिका-१ रिडीका रवि पन्त आजकाल किसानबाट दूध सङ्कलन गर्ने र त्यसबाट विभिन्न परिकार बनाउनमा व्यस्त देखिन्छन्। बिहान र बेलुका दूध सङ्कलन गर्ने एवं दिउँसो दूधबाट बन्ने विभिन्न परिकार बनाउने उनको दैनिकी बनेको छ।

नेपालमा व्यवसायमा लगानी गर्न मानिस डराइरहेका बेला पन्त भने दुग्ध व्यवसायमा जमेका छन् । रिडीमा 'गौरव दूध डेरी' बाट व्यवसाय सञ्चालन गरेका उनले दूध सङ्कलन, दूधबाट बन्ने परिकार छुर्पी, पनिर, दही, कुराउनी, छुर्पी, घ्यूलगायतका परिकार बनाएर बिक्री गर्दछन्।

उनको डेरीमा दैनिक औषतमा एक हजार लिटर दूध जम्मा हुन्छ। त्यसमा ८० प्रतिशत दूध छत्रकोट गाउँपालिकाबाट आउने गर्दछ भने बाँकी दूध सत्यवती र तानसेनबाट आउने गर्दछ। उनले गाई र भैंसीको दूध सङ्कलन गर्दछन् । दूध खरिद गरेबापत उनले दैनिक रु ७५ देखि ८० हजार अर्थात् मासिक रु २१ लाख किसानलाई भुक्तानी दिन्छन्। दूधको गुणस्तरअनुसार किसानलाई रकम प्रदान गर्ने पन्त बताउँछन्।

किसानबाट सङ्कलन गरिएको दूध उनले स्थानीय बजारका साथै पाल्पा, बागलुङ, स्याङ्जा र बुटवलसम्म पनि बिक्री गर्दछन् । बाँकी रहेको दूधलाई दही, पनिर, छुर्पीलगायतका परिकार बनाएर सदुपयोग गर्छन्।

गत वर्ष बुटवलको दुग्ध विकास संस्थानलाई ८४ हजार लिटर दूध बिक्री गरेका थिए, उनले। संस्थानले विभिन्न परिकार बनाउनको लागि दूध खरिद गर्दछ।

दूधपछि बढी मात्रामा दही बिक्री हुन्छ। रिडीमा शव दाहासंस्कारका लागि धेरै मानिस आउने भएकाले पनि दहीको खपत बढी हुने पन्तको भनाइ छ। फुटकर रु १४० मा दही बिक्री भइरहेको छ। गर्मीयाममा दैनिक २५० लिटरसम्म दही बिक्री हुने गरेको छ। उनले वार्षिक चार हजार लिटर घ्यू पनि उत्पादन गरी बिक्री गर्दै आएका छन्। प्रतिलिटर रु एक हजार ३०० मा स्थानीय बजारका साथसाथै बुटवल र काठमाडौँसम्म उनले उत्पादन गरेको घ्यू पुग्ने गरेको छ। पन्तले प्रतिकिलो रु एक हजारमा कुराउनी बिक्री गरिरहेका छन्।

दसैं, तिहार जस्ता चाडपर्व एवं पाहुनाले कोसेलीका रुपमा कुराउनी लैजाने गरेका छन् । गत दुई वर्षदेखि उनले छुर्पी उत्पादन गर्दै आएका छन् । फुटकरमा रु एक हजार ३०० र थोकमा प्रतिकिलो रु एक हजारमा छुर्पी बिक्री हुँदै आएको छ । स्थानीय बजारका साथसाथै पाल्पा, बुटवल र काठमाडौँसम्म पुग्ने छुर्पी यो वर्ष १५ क्विन्टल उत्पादन गर्ने लक्ष्य लिएको पन्त बताउँछन्।

उनी वैदेशिक रोजगारीका लागि सन् २००९ देखि १४ सम्म गरी छ वर्ष कोरिया बसे। कोरियामा उनले समुद्रमा माछा मार्ने काम गर्दथे । उनको आम्दानी पनि मासिक रु तीन लाख जति हुन्थ्यो। कोरियामा काम गर्दा उनले मिर्मिको जलविद्युत् ड्याममा माछा पाल्ने सोंच बनाए । तर नेपाल फर्केपछि सोंच बदले।

रिडी नेपालको चार धाममध्येको एक रहेको र धार्मिक पर्यटक बढी आउने भएकाले उनले दूध डेरी सञ्चालन गर्ने निर्णय गरे।

कोरिया जानुभन्दा अगाडि उनले काठमाडौँमा नौ वर्ष चमेनागृह तथा होटल सञ्चालन गरेका थिए। तर त्यसबाट सन्तुष्ट नभएपछि उनी कोरिया गएका थिए। "

अहिले आफ्नै ठाउँमा सन्तुष्ट हुनेगरी व्यवसाय गरेको छु", रविले भने-"विदेशमा पैसा कमाएर पनि आफ्नो स्वाभिमान हुँदैन, तर स्वदेशमा थोरै पैसा कमाए पनि स्वाभिमान हुन्छ ।" उनले कोरियमा कमाएको पैसा सही ठाउँमा लगानी गरेको बताए।

# कालिकाको व्यवस्थापन समिति अध्यक्षमा पुनः ज्ञवाली



बुटवल । कालिका मानवज्ञान माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा पुनः नित्यानन्द ज्ञवाली निर्वाचित भएका छन्। शुक्रबार भएको अभिभावक भेलाबाट सदस्यमा तेजेन्द्र खनाल, सुमित्रा बराल, टिका वली र खुमानन्द भण्डारी चयन भएका थिए। शिक्षाप्रेमी,चन्दादाता र समाजसेवीको तर्फबाट नित्यानन्द ज्ञवाली र यमुना काउचालाई समितिमा मनोनित गरी कार्यसमितिको बैठकले ज्ञवालीलाई अध्यक्षमा चयन गरेको हो।

विद्यालय व्यवस्थापन समितिमा अभिभावक भेलाबाट दुई महिलासहित चार जना निर्वाचित गर्ने, दुई मनोनित गर्ने, शिक्षक प्रतिनिधि एकजना, वडाध्यक्ष र प्रधानाध्यापक पदेन सदस्य रहने गरी नौ सदस्यीय व्यवस्थापन समिति रहने शिक्षा ऐनमा व्यवस्था छ।

अभिभावक भेलामा बोल्दै बुटवल उप-महानगरपालिका वडा नम्बर १० का अध्यक्ष बलबहादुर पुनले कालिका मानवज्ञान मावि देशकै नमूना विद्यालय बन्नु बुटवलको गौरव भएको बताउँदै यो विद्यालयलाई अझ राम्रो बनाउन सबैको सहयोग आवश्यक रहेको बताए। उनले कालिका मानवज्ञान माविकलाई यो स्थानमा ल्याउन मिहिनेत गर्ने प्रधानाध्यापक, शिक्षक, अभिभावक सबैलाई धन्यवाद दिए।

कालिका मानवज्ञान माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक एंव सल्लाहकार घनश्याम पाठकले विद्यालयलाई यो स्थानमा ल्याउन निकै मिहिनेत गरेको स्मरण गर्दै आगामी दिनमा अझ उचाईमा पुऱ्याउन नयाँ व्यवस्थापन समितिले मार्गनिर्देशन गर्नुपर्ने जनाए।

बुटवल उप-महानगरपालिका शिक्षा शाखा कोपिला ज्ञवालीले नयाँ व्यवस्थापन समितिले विद्यालयको शैक्षिक उन्ननयनमा महत्वपूर्ण काम गर्ने विश्वास व्यक्त गरिन्।

प्रधानाध्यापक दिनेश थापाले विद्यालयको शैक्षिक विकासमा दिशानिर्देश गर्ने अपेक्षा व्यक्त गरे।

नवनिर्वाचित अध्यक्ष नित्यानन्द ज्ञवालीले नमूना विद्यालयको प्रतिष्ठा र गौरव बढाउने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

कालिका मानवज्ञान माध्यमिक विद्यालय मुलुकमा सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने विद्यालय हो। यहाँ ८ हजार विद्यार्थी अध्ययनरत छन्।

# थारू समुदायमा हराउँदै घरको योजना बनाउने चलन



तुलसीपुर। थारू समुदायले माघीको पहिलो दिन आफ्नो घरको योजना बनाउने चलन थियो। घरमा भाइहरू छुट्टिने, बिहे गर्ने उमेरका सन्तान भएमा बिहे गर्ने, वर्षभरिको घरको समीक्षा गर्ने, कमाउन कहाँ जाने, खेतीपाती कसरी गर्नेलगायत विषयमा छलफल गरेर निर्णय लिने चलन थियो।

तर अहिले त्यो चलन हराउँदै गएको थारू अगुवा रामबहादुर दहितले बताए।

"हामीले माघीलाई नयाँ वर्षका रूपमा मनाउँछौँ, पहिलो दिन माघ १ गते विगत वर्षको समीक्षा गर्ने, वर्षभरि गर्ने कामको समीक्षा गर्ने, सन्तानको विवाह गर्ने, घर निर्माण गर्नुपरेमा कसरी बनाउने, कमाउन कहाँ जाने, खेतीपाती कसरी गर्ने भनेर निर्णय गर्ने चलन थियो", उनले भने-"तर अहिले त्यो चलन विस्तारै हराउँदै गएको छ।"

यो थारू समुदायको संस्कारसँग जोडिनुका साथै गणप्रथाका रूपमा रहेकाले यसलाई संरक्षण गर्न आवश्यक रहेको पनि उनले जनाए।

माघ १ गते घरमा निर्णय गरेपछि २ गते महतवाको घरमा जम्मा भएर घरको निर्णय सुनाउने चलन हुन्छ।

महतवाको घरमा वर्षभरिका कामको समीक्षा गर्ने, आगामी वर्षका लागि बिहे गर्नुपर्ने चेली भए कसरी गर्ने भन्ने सल्लाह हुने गर्छ। त्यसैगरी, २ गते नै महतवा चुन्ने पनि चलन हुन्छ। त्यसपछि ३ गतेदेखि खानपिन गर्ने, रमाइलो गर्ने चलन हुन्छ।

यसरी माघ महिनाभर थारू समुदायले माघी पर्वका रूपमा मनाउँछन्।

यो पर्व थारू समुदायको नयाँ वर्षका रूपमा रहेको पर्व हो। अहिले थारू समुदायमा नाचगान चलिरहेको छ। पाँच दिन यसरी नाचगान चल्ने गर्छ। माघीमा खासगरी मघौटा नाच नाच्ने चलन हुन्छ।

# नयाँगाउँ माविको वार्षिकोत्सव

बुटवल । बुटवल १२ नयाँगाउँमा रहेको नयाँगाउँ माविले ६३औं वार्षिकोत्सव एवं अभिभावक दिवस मनाएको छ।

वार्षिकोत्सवको अवसरमा भारतीय राजदुतावासको आर्थिक सहयोगमा निर्माण हुन लागेको १२ कोठे भवनको शिलान्यास तथा बुटवल उप-महानगरपालिकाको सहयोगमा बनेको सभाहल तथा दुई कक्षाकोठासहितको भवन उद्घाटन समेत गरिएको छ । साढे ४ करोड रकम अर्थात् कुल बजेटको ९० प्रतिशत रकम दूतावासबाट आएको हो।

सो अवसरमा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले बुटवलले शिक्षामा २६ प्रतिशत लगानी गरेको बताए।

भारतीय राजदूतका प्रथम सचिव सुमन शेखरले नेपाल र भारत मित्रराष्ट्र रहेको बताउँदै सामाजिक उत्तरदायित्वअन्तरगत भवन निर्माणमा सहयोगी बनेको जनाए। कार्यक्रममा अर्घाखाँचीको शीतगंगा नगरपालिकाका प्रमुख छविलाल पौडेल, बुटवल उप-महानगर उप-प्रमुख सावित्रादेवी अर्याल, प्रमुख प्रशासकीय अधिकृत मित्रमणी खनाल, विद्यालय व्यवस्थापन समिति अध्यक्ष पुरुषोत्तम बस्याल, प्रध्यानाध्यापक पुरुषोत्तम भट्टराईले विद्यालयका गतिविधि र भावी कार्ययोजनाको बारेमा बताएका थिए।

सो अवसरमा सहयोग गर्ने सहयोगदाता, उत्कृष्ट शिक्षक, विद्यार्थी, अभिभावकलगायतलाई सम्मान समेत गरिएको थियो।

निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।

कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।**

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com